REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS DATE 14.03.2024

**वान नेशन वान ईलेक्सन**

एक राष्ट्र एक चुनाउ सम्वन्धमा उच्च स्तरीय समितिले आज नयाँ दिल्लीमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुलाई रिपोर्ट सुम्पिएको छ। पूर्व राष्ट्रपति श्री रामनाथ कोविन्दको अध्यक्षतामा यो उच्च स्तरीय समिति गठन गरिएको थियो।

समितिले केन्द्रीय गृह मन्त्री श्री अमित शाह, केन्द्रीत विधि पन्ध्रौं वित्त आयोगका पूर्व अध्यक्ष श्री एन के सिंह र अरू गण्यमान्य व्यक्तिहरूको उपस्थितीमा यो रिपोर्ट सुम्पियो।

विधि तथा न्याय मन्त्रालय अनसार 'एक राष्ट्र एक चुनाउ' आकांक्षी भारतका लागि मुख्य विन्दु हो। मन्त्रालयले भनेको छ सबै सुझाउहरूमाथि सावधानीपूर्वक विचार-विमर्शपछि उच्च स्तरीय समितिले सारा देशमा सबै चुनाउ एकै चोटि गराउनका लागि दुई चरण युक्त प्रक्रियाको सिफारिश गरेको छ।

पहिलो चरणमा लोकसभा र राज्य विधानसभाहरूको चुनाउ एकैचोटि गराइनेछ।

दोस्रो चरणमा नगरपालिका र पंचायतहरूको दोस्रो चरणमा नगरपालिका र पंचायतहरूको चुनाउको तालमेल लोकसभा र राज्य विधानसभाहरूको चुनाउसँगै नगरपालिका र पञ्चायतहरूको चुनाउ लोकसभा र राज्य विधानसभाहरूका चुनाउपछि सय दिन भित्रमा गरिनेछ।

समितिले सरकारका सबै त्रिस्तरीय व्यवस्थाका लागि चुनाउमा एउटै मतदाता सूची र फोटो परिचय पत्रको प्रयोग गरिनुपर्छ भनी सिफारिस गरेको छ।

**गेन्टोक डि सी मिटिङ**

गान्तोकका जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री तुषार निखरेले आज जिल्ला प्रशासनिक केन्द्रमा आवश्यक सेवाहरूका निम्ति डाक मतपत्र अर्थात पोस्टल बेलट सम्बन्धमा एउटा बैठक डाक्नुभयो।

यसमा बोल्दै उहाँले जानकारी दिनुभए अनुसार राज्यले आवश्यक सेवाहरूका लागि नौ वटा विभागहरूको प्रस्ताव राखेको छ।

यी हुन् स्वास्थ्य, विद्युत, अग्नि शमन र पुलिस विभाग, ट्राफिक पुलिस, सिक्किम राज्य जेल(रोङ्गे) राज्य नियन्त्रण कक्ष, राज्य दूध संघ अनि मतदान दिवसमा रिपोर्टिङका लागि भारतको निर्वाचन आयोगद्वारा अधिकृत पत्रकारहरू।

उहाँले भन्नुभयो चुनाउ संचालन नियम 1961 को भाग तीनमा निर्धारित प्रावधान अनुसार आफ्ना निर्दिष्ट मतदान केन्द्रमा उपस्थित हुन नसक्ने आवश्यक सेवामा कार्यरत कर्मचारीहरूले आगामी चुनाउमा डाक मतपत्रको माध्यमले भोट हाल्न सक्नेछन्।

जिल्लाधीशले अस्सी वर्ष भन्दा बढी उमेरका र दिव्याङ्कहरूका लागि होम मोटिङ सुविधाबारे पनि जानकारी दिनुभयो।

**फस्ट टाइम भोटर्स**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देश भरिका पहिलो चोटि मतदान गर्ने मतदाताहरूको उत्साहलाई चित्रित गर्ने एउटा भिडियो साझा गर्नुभएको छ।

सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभएको छ समग्र देशका युवा मतदाताले 'मेरा पहला भोट देश के लिए' भनिरहेछन्।

**पिएम स्वराज**

सामाजिक न्याय तथा कल्याण मन्त्री श्री सञ्जित खरेलले आज गान्तोक जिल्ला प्रशासनिक केन्द्रमा आयोजित प्रधानमन्त्री सामाजिक उत्थान तथा रोजगार आधारित जनकल्याण योजना पिएम – एसयुआरएआई अन्तर्गत चेक तथा किट वितरण कार्यक्रममा उपस्थित रहनुभयो।

यस अवसरमा बोल्दै उहाँले भन्नुभयो यो योजना सीमान्तकृत वर्गको उत्थानका लागि दूरदर्शी पहल हो।

मन्त्रीले भन्नुभयो पिएम- स्वाराज योजना वित्तीय विकासमा मात्र होइन तर समाजका वञ्चित वर्गको समग्र विकासमाथि केन्द्रित छ।

श्री खरेलले विभिन्न सम्बन्धित विभागका अधिकृतहरू लगायत हितधारहरूसित राज्यका धेरै भन्दा धेरै लाभार्थीहरूसम्म पुग्नका लागि समन्वय राखेर काम गर्ने आग्रह गर्नुभएको छ।

उहाँले लाभार्थीहरूलाई चेकको प्रयोग उचित रूपमा गर्ने निर्देश दिनुभयो।

आफ्नो वक्तव्यमा जिल्लाधीश श्री तुषार निखरेले समाजका वञ्चित वर्गको आवश्यकतालाई प्राथमिकता दिने प्रशासनको दूरदर्शिताको प्रशंसा गर्नुभयो

पिएम- स्वाराज केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयको नेतृत्वमा अनुसूचित जाति, पछौटे वर्ग र सफाई कर्मीहरू लगायत समाजका सीमान्तकृत वर्गलाई ऋण सहायता प्रदान गर्ने राष्ट्रवियापी पहल हो।

लाभार्थी कोटाका लागि राष्ट्रभरिका जम्मा पाँच सय पच्चीस जिल्लाहरू छनौट भएका छन्।

**फेसिलिटिस ड्रिस्ट्रिब्युसन**

दक्षिण सिक्किमको पोक्लोक कामराङ र नाम्ची सिङ्गिथाङ समस्टिका लाभार्थीहरूलाई आज मुख्यमन्त्री राहत कोष, मुख्यमन्त्री विवेकाधीन कोष, चिकित्सा सहायता योजना र अन्य योजनाका सहुलियतरू अनि छुटेका केही युवाहरूलाई रोजगार आदेशपत्र प्रदान गरियो।

गान्तोकको सम्मान भवनमा आयोजित समारोहमा मुख्यमन्त्रीकी धर्मपत्नी श्रीमती कृष्णा राईले लाभार्थीहरूलाई सहुलियत वितरण गर्नुभयो।

**ओलम्पिक**

सिक्किम ओलेम्पिक संघको एक सय अस्सी सदस्यीय टोलीले तेस्रो पूर्वोत्तर खेल 2024 मा राज्यको प्रतिनिधित्व गर्नेछ।

पूर्वोत्तर खेल आँउदो सोमबार अठार मार्चदेखि तेइस मार्चसम्म नागाल्याण्डमा आयोजित हुनेछ। सिक्किम टीममा तिरानब्बे जना पुरूष र एकसाठीजना महिला खेलाड़ीहरू अनि छब्बीसजना अधिकृतहरू सामेल छन्।

गान्तोकको पाल्जोर स्टेडियममा आज पत्रकारहरूलाई सम्बोधन गर्दै सिक्किम एलेम्पिक संघका अध्यक्ष श्री कुबेर भण्डारीले भन्नुभयो सिक्किमले पन्ध्रमध्ये दस वटा खेलहरूमा भाग लिनेछ। यी हुन्

धनुकाँड़, एथलेटिक्स, ब्याडमिन्टन, बास्केटबल, बक्सिङ, टेबलटेनिस, ताइकोन्डु, भलीबल, बुसु र नयाँ खेल पेन्केक सिलात।

**एनएसडी**
आकाशवाणीको समाचार सेवा प्रभागले देशभरिका आफ्ना विभिन्न क्षेत्रीय समाचार एकांशहरूमा पूर्णकालिक अनुबन्धको आधारमा सम्पादक कार्यकारी र समाचार वाचक तथा अनुवादक नियुक्त गर्नका लागि अनुभवी उम्मेदवारहरूबाट आवेदन आमन्त्रण गरेको छ।

अधिक जानकारी वेबसाइट newsonair.gov.in/vacancies मा उपलब्ध छ।

उन्नाइस मार्च 2024 सम्म आवेदन गर्न सकिनेछ।